Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ४, २०८० साल साउन ३१ गते बुधबार (Aug 16, 2023) www.janaakash.com.np




## निर्माण व्यवसायीहरूको दोस्रो चरणको आन्दोलन सम्पन्न, आइतवारदेखि तेस्रो चरणको निर्णायक आन्दोलन

काठमाडौं। नेपाल निर्माण व्यवसायी महासंघको दोस्रो चरणको आन्दोलन शुक्रवार सम्पन्न भएको छ । साउन २२ बाट शुरु भएको दोस्रो चरणको आन्दोलन साउन २६ शुक्रवार सम्पन्न भएको महासंघले जनाएको छ । दोस्रो चरणको आन्दोलनमा राजधानीमा जम्मा भएका देशभरका निर्माण




व्यवसायीहरूले सेफ्टी हेल्मेट र ज्याकेट लगाई हातमा कालो पट्टी बाँधेर सिठ्ठी जुलुश गरेका छन् ।

महासंघको निर्देशन बमोजिम ७ प्रदेश तथा ७७ जिल्लाबाट आएका निर्माण व्यवसायीहरू जुलुशमा सहभागी भएका हुन् । महासंघका अध्यक्ष रवि सिंहको नेतृत्वमा शुक्रवार महासंघ सचिवालय अनामनगरबाट शुरु भएको जुलुश संसद् भवन नयाँ बानेश्वर अगाडि कोण सभामा परिणत भएको थियो ।

कोण सभालाई सम्बोधन गर्दै नेपाल निर्माण व्यवसायी महासंघका मानार्थ सदस्य गेल्जे लामा, कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघका अध्यक्ष यमबहादुर बि.सी, निर्माण व्यवसायी संघ डोटीका अध्यक्ष घनश्याम पाठक, निर्माण व्यवसायी संघ कास्कीका अध्यक्ष निलकाजी गुरुङ लगायतले व्यवसायीहरूका जायज माग तत्काल पूरा गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

बाँकी ५ पृष्ठमा

# सुन तस्करी किन हुन्छ ?

*मोहन कार्की ।*

नेपालमा सुन तस्करी अर्थात भन्सार छली गरेर सुन नेपाल भित्रयाउने र वेला वेलामा यस्ता तस्करी गर्ने व्याक्तिहरु पक्राउ पर्ने पक्राउ परपछि धेरै हल्ला खल्ला गर्ने गरिएको छ । तर यसको समस्याको सावधान हुन सकेको छैन ।

यसको मुख्य समस्या भनेको नेपाल सरकारले बजारको माग बमोजिम सुन उपलब्ध गराउन नसक्दा अवैद्य बाटोवाट सुनको आयात बढेको व्यवसायीहरु बताउछन् ।

नेपाली बजारमा दैनिक सुनको माग १५ किलोको हाराहारिमा रहेको नेपल सुनचाँदी व्यवसायी संघका पुर्व अध्यक्ष मोहन विश्वकर्माको भनाई छ । तर “राष्ट्र बैकवाट दैनिक १० किलो सुन मात्र व्यसायीले खरिद गर्न पाउछन् ।” नेपाल सुनचादी व्यवसायी संघका वर्तमान अध्यक्ष मणिकरत्न शाक्यका अनुसार “दैनिक नेपाली बजारमा ५ किलो सुन नेपाल राष्ट्र बैकले दिदै आएको अधारमा अपुग हुन्छ । उनकै भनाईमा अझै विवाहको साइत धेरै हुने महिनामा थेग्नै नसक्ने गरी सुनको माग बढ्ने तर राष्ट्र बैकले तोकेको समयमा नदिने हुदा बजारमा मुल्य तोकेको भन्दा बढी मुल्यमा समेत सुन व्यवसायीले किनेर ग्रहकलाई सस्तोमा बेच्नुपर्ने सम्मको बाध्यता रहेको बताउछन् ।

शाक्यले पछिल्लो समय सम्बन्धित निकायहरुले अलि सहजीकरण गरिदिनु भएको छ । तैपनि कहिलेकाही कतै कतै समस्या आएका छन् । त्यसको लागि नेपाल सुनचाँदी व्यवसायी संघको पहलमा व्यावसायीका समस्यालाई सावधान गर्दै आएका छौ ।” शाक्यले मिश्रित प्रतिक्रिया दिए ।

नेपालका नेपालीहरु उत्पादनमुलक क्षेत्रमा भन्दा यस्ता विलासिताका धनसम्पति जोड्न परापुर्व कालदेखिनै लालायित छन् । हालसम्म पनि यस्ता चलनहरु नेपाली समाजमा रहि आएका छन् ।

कसैको पास्नीमा होस् वा कुनै शुभ विवाहमा



उपहारको रुपमा सुन चाँदी नै उपहारको रुपमा दिने चलन छ । नेपाली समाजमा हातमा, गलामा सुन लगाएर टाठिएर हिड्ने चलन पनि छ ।

त्यही सुनको चर्चा देशमा व्यापक छ । एयरपोर्ट भन्सार बिभागले साउन ४ गते सुन पक्राउ गरेको थियो । त्यसको लगतै २ जना चिनिया नागरिक पनि पक्राउ परेका छन् ।

त्यो भन्दा झण्डै पाच बर्ष अगाडी ३३ किलो सुनको हंगामा भएको थियो जसमा सुन काण्डकै कारण सनम शाक्यको हत्या भएको थियो । उक्त सुन तस्करीमा संलग्न भनेर झण्डै एक दर्जन ब्याक्तिहरु सुन भन्सार छली मुद्दामा जेलमा छन् । भने त्यसको मुख्य नाइकेको रुपमा परिभाषित गरिएका चुडामणि उप्रेती(गोरे) जो नेपालका फिल्म क्षेत्रका डारेक्टर समेत हुन् । उनि जेलमा नै छन् ।

त्यतिवेला नेपाल सरकारले सवैभन्दा ठुलो परिणाममा सुन तस्करहरुलाई पक्राउ गरेको र

बाँकी ५ पृष्ठमा






...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

# आरोह र अवरोह गर्दै कटाएको १५ बर्ष

आजकै दिन हामीले यस जनआकाश साप्ताहिकको स्थापना गरेका थियौ । त्यो समय नेपालमा हिंसात्मक राजनीतिमा लागेको माओवादी सहित मिलेर २०६२-६३ को शान्तिपुर्ण ढंगवाट गरेको जनआन्दोलनले सत्ता परिवर्तन गर्न सफल भएको थियो ।

जसमा राजनीति नेतृत्व गरिरहका नेपाली काँग्रेस, एमाले, भुमिगत रुपमा रहेको माओवादी लगायत आठ दलीय गठबन्धनको थियो । सरकारमा पनि तिनै पार्टीहरु सम्मिलित भएका थिए । उनिहरुले १२ बुदे सम्झौता भारतमा गरेका थिए । जसवाट नेपाली जनताले चनाखो भएर हेरिरहेका थिए भने नेपालको जनआन्दोलन सफल भएको उपलक्ष्मा नेपालको कान्तिपुर दैनिक पत्रिकाले भगेरे टाउके हेडलाईन बनाएको थियो ।

अन्य दैनिक पत्रिकाले पनि त्यस्तै प्रकृतिका मुख्य शिर्षकहरु बनाएका थिए । देशमा नागरिकहरु १० बर्षे हिंसा त्यागेर माओवादी सरकारमा आएपछि शान्तिको सास फेर्न पाईन्छ भन्ने आसले खुशी थिए । अर्कोपर्टी नेपालमा उथल पुथल भएको बेलामा संक्रमणकालीन अवस्था पारेर नेपाललाई अन्तराष्ट्रिस्तरमा सन्धि सम्झौता गर्न बाध्य पारेर कोशी, गण्डकी, माहाकाली सन्धि सम्झौताहरुमा नेपालको अधिकार खोसिने गरी गरिएका उदारण विगतका आन्दोलन र परिवर्तन भनिएको त्यस्तै वेला भएको उदारण नेपाली जनताले बिर्सेका थिएनन् ।

तिनै जनताहरुले नेपालमा विगतमा काँग्रेस, एमालेलाई उता भारतमा पालित पोषित गरेर यता नेपालमा उप्रदो मच्चाउन लगाई कोशि सम्झौता, गण्डक सम्झौता गर्न बाध्य पारेको थियो । जसरी नेपाली काग्रेस र एमालेलाई भरतमाा आश्रय दिएर उप्रद्रो मच्चाई यता नेपालमा रहेको सरकारलाई अृठ्यारो पारेर सरकारवाट तल खसाली भारतमा आश्रय लिएकाहरु सरकारको नेतृत्व मिलिजुली, बाडिचुडी खान पुग्ने गर्दथे त्यसकै उदारण हुन नेपाली काँग्रेस, एमाले ।

त्यस्तै २०६२-६३ को आन्दोलनपछि पनि विगतमा सात बाम गठबन्धन २०४६ सालमा थियो त्यसरी नै आठ गठबन्धनको प्रयोग गरी नेपालमा परिवर्तनको नाममा देशको अस्तित्व समाप्त पार्ने सिक्किमी मोडेलमा झनै खतराको संकेत हुदै थियो । जनताले विश्वसनीय सञ्चार माध्यम कुनै नपाएर छटपटाईरहेका थिए ।

त्यही परिवर्तने नामको गणतन्त्र घोषणा भईसकेको थियो सदनमा नेपाली समुदायलाई लज्जित हुनेगरी हिन्दी भाषामा बोल्ने जात जातलाई विभाजन ल्याउने जस्ता अबाच्छित गतिविधिहरु देखिन थालिसकेका थिय । मानिसहरु निरासमा घोत्लिदै थिय । यो समयमा हामीले आफ्नो जिम्मेवारी भुल्नु हुदैन भनेर जनआकाश साप्ताहिक दर्ता गरी सत्य तथ्य र विशेषत देशको सदभाव कायम गर्ने, राष्ट्रिय अस्तित्वमा खलल पुग्ने खालका कार्य गर्नेहरुको सूचना पाउन साथ खबदारी गर्दै जनतालाई सञ्चारमाध्यमवाट जागरुक गराउने काममा लाग्यौ फलस्वरुप सदनमा २०६५ साल साउन ८ गते परमानन्द झाले उपराष्ट्रपतिको हैशियतमा हिन्दीमा सपथ खाएपछि देश नै नेपाल होकी होइन ? भनेर नेपालीहरु तिन छक पर्दै कतिले हेर्दाहेर्दैको टिभी फुटाए । विद्यार्थी आन्दोलनमा उत्रिए, मजदुर सडकमा निस्किए तर नेपालका परिवर्तन भनिएका पार्टीहरु जो सरकारमा मिलिजुली देश सकाउने अभियानमा थिय । उनिहरुको लगाममा चल्नुपर्ने भातृ संगठनहरुले देशको पक्षमा भएको राष्ट्रवादी आन्दोलनलाई रोक्ने पऱ्यास गरे तर तिनका भातृ संगठनले पार्टीको निर्देशन मानेपनि सर्वसाधरण जनताले मानेन । अन्तत: कर्फु लगाउने हल्ला फिजाएर त्यो राष्ट्रवादी आन्दोलनलाई निमिटयान्न पारियो । जसमा हिन्दी भाषाको सपथलाई लिएर भएको विरोध उठ्न लागेको आन्दोलनलाई राष्ट्रिय दैनिक भनिएका कुनैपनि दैनिक वा राष्ट्रियस्तरका टेलिभिजनले उजागर गरेनन् ।

उनिहरुको ध्यान जातजातको विभेद काहा हुन्छ । जातिय नाममा हुने आन्दोलनको चै ठुला ठुला अक्षरमा समाचार लेखेर बस्दै थिए । किनकी जातको नाममा भाषाको नाममा नेपालीहरु लडिराख्दा खेरी बिदेशी शक्ति केन्द्रहरुलाई नेपाल देशमा खेल्न सजिलो हुदो रहेछ । नेपालीलाई कमजोर बनाउने काम यस्ता जातको भाषाको, लिङगको नाममा लडाएर गरिदो रहेछ । हामीहरु नबुझेर त्यस्ता सप्रदायिक कुराहरुमा लाग्दा हरेछौ । यस्ता सत्य कुराहरु लेख्न र भन्न नेपालमा आफ्नै स्वदेशी पुजीमा चलेको कसैको दवावमा प्रभावमा नचल्ने राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय अखण्डताको रक्षाको खातिर सञ्चार संस्थाको आवश्यकता नेपाली जनताले महसुस गरेको हुनाले जनताको मुखपत्रको रुपमा जनआकाश साप्ताहिक प्रकाशनमा ल्याई काम गर्ने निधो हामीले गरेका हौ ।

हामीले स्थापना कालदेखि नेपाली राष्ट्रिय एकता कायम गरिराख्ने, धार्मिक सहिष्णुता, जातिय एकता कायम गर्ने मानवताको पक्षमा काम गर्दै आएका छौ ।

त्यसैको फलस्वरुप विस्तारै देशमा गरिखाने र तथ्यमा विश्वास गर्नुपर्ने वातावरण वन्दै गएको छ । गलत प्रबृति बोकोर कुकर्म गर्नेहरु नागिदै गएका छन् । देश विरोधिहरु कुना कुनामा लुकेर काम गरिरहेकाहरुलाई धक्का पुगेको छ । सफा सोचको विकास गर्नमा जन आकाशले खेलेको भुमिका पनि जोडिएको हामीले ठानेको छौ ।

यि कठिन समयको बीचमा विदेशी लगानीमा चलेका, विदेशमा बनेका सामानहरु विक्री गर्ने कम्पनीहरुले स्वदेशी लगानीमा चलेका पत्रपत्रिकालाई लगाइएको सिन्डिकेटको चरम एकद्धार प्रणालीलाई समेत छिचलेर थोरै स्रोतमा धेरै मेहनत गरी कठिन यात्राहरु पार गरेका छौ । सिमित संख्यावाट शुरु भएको जनआकाशको यात्रा पत्रिकामा मात्र सिमित नभई आज janaakash.com.np अनलाईन jana Akash tv युटुव च्यानल समेत विकास गरेर अगाडी बढिरहेका छौ ।

हामीलाई याहासम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने विज्ञापनदाता, पाठक बर्ग, स्तम्भाकार, लेखक, पत्रिकाका कर्मचारी परिवार, समाजमा रहेका निस्वार्थ भावनाले सुझाव, सल्लाह दिनुहुने राष्ट्रवादी देशभक्त नागरिकहरुलाई यो महत्वपुर्ण नेपाली नागरिकहरुको मुखपत्र जनआकाश साप्ताहिको १६ औ बर्षको अवसरमा तपाईहरुले दिनुभएको माया, सदभाव प्रति आभार व्यक्त गर्दछौ ।

# भाग्य र कर्मको निर्माता




दामोदर ढकाल “दीपक“

यो धर्तीमा जब मानव पैदा हुन्छ । भनिन्छ ,उसले आफ्नो भाग्य र कर्म दुबै लिएर जन्मेको हुन्छ । केही हदसम्म यो ठिक भए पनि यो कसै कसैको हकमा भने लागू हुँदैन । कतिले स्वयम् भाग्य र कर्म निर्धारण गर्छन् । मलाई एउटा त्यस्तै व्यक्तिको झलझली याद आयो । एउटा व्यक्ति जो भर्खरै किशोर अवस्थामा प्रवेश गरेको थियो । उसले एउटा साइकिल समाउछ र पत्रिका बेच्न थाल्छ । पत्रिका बेच्दैन मात्र पढ्छ पनि पत्रिकाका राजनीतिका कुरा, साहित्यका कुरा सिर्जनका कुरा । उमेर बड्दै जान्छ, क्रमिक विकासको सिद्धान्त भने झैं ऊ पत्रकार बन्छ । उमेरसँग उसको आत्मविश्वास र अनुभव बड्दै जान्छ र पछि ऊ मिडिया आफैं सन्चालन गर्छ । जब मिडिया सुरू गर्छ तब उसले आफ्नो जन्मेको जिल्ला र त्यो भुभागको सम्भावनाका कुरा हालेकै हुन्छ र जन्मभूमिको हृदयदेखि नै सम्मान गर्छ ।

पत्रकारिता सँगै उसको राजनीतिको चाह उत्तिकै बड्दै जान्छ । ऊ राजनीतिमा जनताबाट पनि परिक्षण गर्न चाहन्छ । उसको आर्जन नै मिहिनेतबाट भएको हुँदा अरू जस्तो पैसाको खोलो बगाउदैन र तब उसले यो पत्ता लगाउछ, नेपालीहरूले चुनावलाई रक्सी र मासुभातको पर्व भन्दा ठूलो नठानेको निस्कर्ष निकाल्छ । तब जनतासँग रिसाउदैन । पत्रकारिता मार्फत जनताको बौद्धिक क्षमता बडाउन लागिपरिरहन्छ ।

मैले अगाडि नै कुरा गरे उक्त व्यक्ति केवल पत्रिका मात्र बेच्दैन ऊ पत्रिकाका हर कुरा पढ्छ । त्यहीँ पढाइको प्रतिफल उसले पुस्तक लेख्छ र लेखकको रूपमा आफूलाई उभ्याउछ । विभिन्न गीतहरू लेख्छ र गीतकारको छवि निर्माण गर्छ । यसरी ऊ गाउँबाट पाइला चाल्दै अनुभव , आत्मविश्वास र निष्ठाका साथ प्रगतिको पथमा लम्किरहन्छ । त्यो व्यक्ति अरू कोही नभएर सबैको प्रिय पत्रकार मोहन कार्की नै हो । जो आफै भाग्य र कर्म निरन्तर बनाउन लागिपरेको छ । ऊ साधक हो कर्मको । ध्यानी हो कर्मको र वैरागी हो कर्म मैदानको ।





**उषा केसी**
**ललितपुर ।**

रात परेर
मैले ज्यान फालेको
तिमी भनेर ।१।

रातो सारीमा
रमाउन सकिन
घर बारीमा ।२।

पानी झरेर
ओत माग्न आएँ म
त्यतै सरेर ।३।

देश बेचेर
जान कहीँ सक्दैनन्
पाइलो मेटेर ।४।

भ्रष्ट जन्मेर
आएन शासकको
मन सम्मेर ।५।

हावा बेचेर
अक्सिजन खोज्दैछन्
रोगले सेकेर ।६।

सहकारीले
सबैलाई डुबायो
भ्रष्टाचारीले ।७।

भाले बासेर
निद्रामा बिउँझिन्छु
तिमी हाँसेर ।८।

वर्षा लागेर
खोला बस्ती खाली भो
अन्त भागेर ।९।

आयो बरी लै
तिजको सम्झना भो
सधैं भरी है ।१०



**जमुना कायस्थ**
**पोखरा ।**

तिजै लहर
माइती दाजै छैन
चेली खबर ।१।

माइत जान
तम्सेको बाढी बढ्यो
साउने भेल ।२।

कठैबरी यो
चेली किनार अड्क्यो
हदै डरायो ।३।

फूलै फुल्दै छ
जाई जुही बेलीको
रोयो चेली यो ।४।

घरभन्दा नि
माइती प्यारो लाग्ने
डर जान्दा नि ।५।

बाढीले घात
आमा छोरीको बात
साडीको जात ।६।

मिठा दर् खाने
प्रकृतिमा रमाई
घुमेर नाच्ने ।७।

धनी गरिब
नछुटाऊ आँगनी
बनी हरिप ।८।

ब्रतालु थाके
दिनभरी नाचगान्
लुकेर खाए ।९।

मिठा झर् तर
अपच झैं नखानू
दही अचार ।१०।

छोरी लाई पनि छोरा सरह स्कुल पढ्न पठाऔं
जनहितमा जारी

# सम्भावित फूल

स्यम्भूका ती दुई आँखामा
प्रदीप्त
प्रेम र अहिंसाको
ज्योतिपुञ्जलाई थाप्दै
मेहनती हत्केलामा
बनाएर परिश्रमका रेखा
यत्नसँग पुर्याउनु छ
तराईका सिमसारदेखि
यार्सागुम्बाको सुरम्य बस्तीसम्म !

बिहानी भालेको डाक भन्दा
सखारै उठी
बाटोलाइ पोकोपारी
आत्माविश्वासको सामल
समेट्दै अस्मिताको बर्को
सारङ्गी र मादलुको तालमा झुम्दै
नेपाली मन एक भई
गाउनु छ वसन्त वन्दना !

आशाको खेतमा
विश्वासको हल चलाई
प्रेमको बीउ छरी
एक हुल भैरवी मान्छेहरू मिली
हराभरा बनाउनुछ मस्तिष्कको खेत
भित्र्याउनुछ समृद्धिको फसल
विस्मृत भई कुरिबसेका
हिमाल झै मान्छेलाई
दिव्य सुशासनको सौर्य स्पर्शद्रारा
हिउँ पगाल्दै
बनाउनुछ झर्झराउँदो सोचको
जिउँदो मान्छे !

तराईको माटोलाई
पहाडी पसिनाले मुछेर
बनाउनुछ
एउटा विशाल चैत्य
सगरमाथा
जहाँ बज्नेछ आत्मा बोधको घण्टा
सुनिने छ समानताका शङ्खनाद
शङ्ख घण्टाको ध्वनिसँगै
पलाउने छ
नयाँ बिहानको पालुवा
उदाउने छ समृद्धिकमे सूर्य
अथाह सम्भावना बोकी
पल्टाउँदै ऐतिहासिक दस्तावेज
लेखिने छ नव्ल ऐतिहासिक दस्तावेज
लेखिने छ नव्ल इतिहास
फुल्ने छ सम्भाविक फूल !!

*पुनम घिमिरे*

# टोलाइरहेका कल्पनाहरु पढ्नै पर्ने



मोहन कार्की

यहि गएको हप्ता नृत्य निर्देशक तथा कोरियोग्रफी मेरो साथी कृष्ण रसाललाई बालाजुको नेपालटारमा भेट्न गएको थिए । जाहा मेरो साथी कृष्ण रसाल र म भेट्ने कुरा गरेका थियौ त्यहा साथी आईपुग्नु भएको थिएन ।


उ आई नपुगेको समयमा चिया खाएर अलमलिदै गरौ भनेर चिया पसलमा छिरेको थिय । म बसेको टेवल अगडी एकजना मानिस चियाकै सुर्कि लिदै बसिरहनु भएको रहेछ । उहा र मेरो हेराहेर भयो र बाटो हिलाम्यै रहेछ भनेर मैले कुरा गर्दा उहाले पानी परेको थियो विहान हिजो विद्युतले तार विछ्याउन खनेछ । त्यसकारण हिलो भएको हो नभए त पिच गरेको बाटो हो भनेर भन्नुभयो त्यसपछि उहासँग मेरो परिचय शुरु भयो ।

मैले मेरो परिचय दिए,उहाले परिचय दिने क्रममा पुरुसोत्तम वाग्ले भन्नुभयो त्यसपछि हाम्रो परिचय अगाडी बढ्यो । त्यतिवेलासम्म होटलको दिदीले चियाँ पकाईसक्नु भएको थियो । चिया लिएर अगाडी टेवलमा राखिदिनुभयो । चियाको सुर्किसँगै हाम्रो कुराकानी अगडी बढ्ने क्रममा मैले त्यहा जानुको कारण र मेरो साथी कृष्ण रसाललाई भेटघाट गर्नुको कारण जनआकाश मिडियाले निर्माण गर्दै गरेको "कति राम्रो रामेछापको शिन " बोलको गीतको छायाकनको लागि कृष्ण रसालसँग भेटन आएको भनेपछि उनले पनि ओहो राम्रो काम रहेछ मैलेपनि झण्डै १७/१८ बर्ष अगाडी नै कथा सङग्रह कृति प्रकाशन गरेको छु अर्को बजारमा ल्याउन लागेको छु । भनेर ब्यागवाट फुत्त निकालेर टोलाईरहेका कल्पनाहरु नामक पुस्तक मलाई दिनुभयो ।

मैले सरसरती त्यही चिया खादै किताबको गाताको पछाडी पर्टी हेरे त्यहा उहाको बुबाको नाम टंक बहादुर वाग्ले, आमाको नाम सोम कुमारी वाग्ले लेख्नु भएको रहेछ । उहाको जन्म नुवाकोट जिल्लाको चौघढामा २०४४ सालमा भएको रहेछ ।

कुराकानी गर्दै जादा उहा यतिवेला नुवाकोटको तादी गाउँपालिकामा नै नेपाल सरकारको छैटोस्तरमा कार्यरत हुनुहुदो रहेछ । यतिकैमा मेरो साथी कृष्ण रसाल आईपुग्नु भयो र हामी त्यहावाट छुट्टियौ ।

त्यसपछि म काम सकेर अफिस फर्किए र




पुरुसोत्तम वाग्लेले लेख्नुभएको "टोलाईरहेका कल्पनाहरु" कथा संग्रह पढेर सके उनले शिर्षकमा संकल्प, अधुरो जीवन र अधुरो सपना, धनेको घर, कतै उ फर्कि आयो कि,मिठो मिलन, चिल्ली र विल्ली, पृष्ठभुमि, टोलाईहरेका कल्पनाहरु रहेका थिए । सवै उत्तिक्कै समाजमा रहेका बिकृति र राष्ट्रले भोग्नु परेका समस्या, नेपाली समाजमा हुने यथार्थपरक मौलिक चित्रणको झल्को हुनेगरी कथामार्फत समाजका जिम्मेवार ब्याक्ति देखि आम सर्व साधरणलाई समेत कथा मार्फत सचेतना दिने उदेश्यले लेख्नु भएको रहेछ ।

शुरुमा नै संकल्प शिर्षकमा "यदि त राष्ट्रभक्त होस भने किन तैले आफ्नो मातृभुमिप्रति कतिपनि दाईत्व निर्वाह गरिनस् । राष्ट्रमा आगो सल्केको समेत तलाई किन थाहा भएन । यदि पुर्खहरुको सच्चा सन्तानहोस भने किन राष्ट्रवासीहरु चिच्याईरहदा समेत साहारा दिन सकिनस् । यस्ता देशभक्त शव्दहरुले भरिपुर्ण भएको कथा संग्रहमा बुद्ध,भृकुटी जन्मेको देशमा पहिला प्रजान्त्रिक हुन सिक भनेर जो समाजमा दम्भ राख्नेहरुलाई निर्देशनात्मक सन्देश दिएको छ । जुन पात्रालाई आफुभित्रको राष्ट्रभक्ति खोज् र अगाडी बढ भनेर देशभक्ति दर्साईएको छ । देशमा प्रजातान्त्रिक अभ्यास नै सवैभन्दा उत्तम बिकल्प हो भन्ने लेखको कथामा पाइन्छ ।

अधुरो जिवन, अधुरो सपना शिर्षकमा लेखिएको कथामा पनि देशभक्ति झल्किएको छ । "बुबाको सुनौला भावनाहरुले भरिदिएको देशप्रेमले अहँ आमाको त्यो दुर्गति हेर्न सकेन । उसभित्र त्यस्ता ताता रगत थिए, राष्ट्रले चाहे जनहितको लागि उ आफ्नो प्राण समेत त्याग गर्न सक्थ्यो । राष्ट्रको स्वाभिमानलाई बचाउन,आमाको अनुहार हसाउन राष्ट्रहितका लागि जुट्नु उसको एकमात्र आफ्नो कत्व्य ठान्यो । त्यसैले पनि राष्ट्रको माग अनुसार सैनिक जस्तो स्वच्छ र पवित्र क्षेत्रमा उ भर्ति भयो ।" यि माथि उल्लेखित शब्द शब्दमा वाग्लेको देशभक्ति पढ्न पाइन्छ ।

अर्को धनेको घर शिर्षकमा घरेलु मदिरा र धनेको र जीवनभरी रमाले रक्सिया धनेले रक्सी पिएर गरेको ब्यवहारवाट पाउनु परेको दुख र मानव जीवन भएपनि यसैगरी रक्सि पिएर जीवन बर्बात गर्दा बाच्नु र मर्नुको कुनै अर्थ नहुने मानिस पनि समाजमा हुन्छन् भन्ने देखाउन खोजिएको छ । जसलाई कुलतमा लागेका जड्याहरुको लागि सन्देशमुलक पाठ पनि हो ।

कतै उ फर्कि आयो कि, मिठो मिलन, चिल्ली बिल्ली, नयाँ उमंग जस्ता शिर्षकमा कतै मिलन बिछोडका, अतितका कथा पनि समावेश छन् । भने अधिकाँस समाजमा व्यवहारिक रुपमा समाजले भोगिरहेका यर्थाथमा आधारित कथाहरु नै बढी रहेछन् । लेखक वाग्लेले महिला दिदीबहिनीहरुले सहनु परेका हिंसाका वारेमा पनि कथामार्फत उतारेका छन् ।

लेखकले प्राकृतिक अकाश, बादल, छागा, झर्ना, परिवारिक पृष्ठभुमि, समाजिक अवस्था, नारीहरुले भोग्नुपरेका पीडा, आमाको आफ्ना सन्तानप्रतिको अगाध माया कति हुन्छ भन्ने सन्देशहरु कथा सग्रहमा भेटिन्छन् ।

नेपाली मौलिक शब्दहरुको चयन र सरल भाषामा सवैले बुझिने गरी लेखक वाग्ललेले प्रकाशन गर्नुभएको टोलाईरहेका कल्पनाहरु कथा संग्रहमा छन् ।

कृतिको बाहिरी पृष्ठवाहेक ३४ पृष्ठमा समेटिका कथाहरु नेपाल देशमा मात्र नभएर विश्व नेपाली समुदायकै लागि शिक्षाको रुपमा पढ्नुपर्ने कथा संग्रह जस्तो मैले पढ्ने क्रममा अनुभुत गरे, तर लेखकलाई सुझव दिनैपर्ने ठानेर अहिले मानिसहरु धेरै मोवाइलमा दिन बिताउने गर्छन् । त्यसो भएको हुनाले यो प्रीन्ट प्रकाशनलाई डिजिटलमा नै विकास गरेर लैजान सुझावको रुपमा यसै लेख मार्फत पेश गर्दछु ।

लेखक वाग्ले वास्तमा लेखकमा हुनुपर्ने गुण तरिका र उठान गर्न खोजेका बिषयहरुमा निक्कै चनाखो रहेछन् र त्यसलाई रचनात्मक ढंगवाट समाजलाई सन्देश दिनसक्ने हरेक शिर्षकमा सन्देशै सन्देश दिएर नेपालका लेखकहरुको बाढीमा थोरै देशभक्त लेखक सङलो पानी बनेर बगेका छन् । ति थोरै सङलो पानीमा बग्ने खोलाहरु मध्य लेखक पुरुसोत्तम वाग्ले पनि एक साहित्यकारको परिचयसँग सुहाने नाम हो । उहाले लेखेको कृति टोलाइरहेका कल्पनाहरु कथाले दिएको परिचय यहि हो । लेखकलाई आउदा दिनमा अझै अन्य कृतिहरु पनि प्रकाशनका लागि शुभकामना । अहिलेलाई यति ।

# रामेछाप डायरी

## वडाअध्यक्ष कार्कीले दिए जिल्ला अस्पताललाई झोला

रामेछापको रामेछाप नगरपालिका वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले जिल्ला अस्पताल रामेछापलाई झोला प्रदान गर्नुभएको छ । अस्पतालमा उपचारका लागी आएका बिरामीहरुले औषधी हातमै बोकेरै लैजानुपरेको देखेपछि बिरामीको सहजताका लागी झोला उपलब्ध गराएको उहाँले बताउनुभयो ।

"अस्पतालको फार्मेसीबाट औषधीजन्य सामग्री र कागजात दिंदा बिरामीलाई हातमै खुल्ला रुपमा दिने गरेको देखें । बिरामीले हातमै औषधी बोकेर घर जानुपर्दा औषधी बाटोमै झरेर हराउने गर्दारहेछन ।"-उहाँले भन्नुभयो ।




'यस्तो देखेर नै बिरामीको सहजताको लागी सानो भएपनि व्यक्तिगत सहयोग गरेको हुँ ।,

मंगलबार(आज) जिल्ला अस्पतालमै पुगेर वडाअध्यक्ष कार्कीले अस्पतालका विशेषज्ञ डाक्टर मनोज यादवलाई झोला हस्तान्तरण गर्नुभयो । जिल्ला अस्पताल रामेछापमा उपचारका लागी आउने बिरामीहरुले फार्मेसीबाट औषधी लिंदा हातमै लिंदै आएका थिए । औषधी बोक्ने झोला अस्पतालले नदिँदा औषधी घरसम्म लैजान समस्या भएको कुरा बिरामीले बारम्बार गुनासो गर्दै आएका थिए ।

## रामेछापमा लम्पी स्किन रोग लागेर १ सय ४६ वटा पशुको मृत्यु

रामेछापको रामेछाप नगरपालिकामा गाई भैंसीमा लाग्ने लम्पी स्किन रोग सङ्क्रमणबाट १ सय ४६ वटा भन्दा बढी गाई गोरु मरेका छन । नगरभरीका २८ सय ७५ गाई गोरु संक्रमित रहेको नगरपालिकाका पशुपंक्षि विकास शाखाका प्रमुख काजी शेर्पाले जानकारी दिनुभयो ।

उहाँका अनुसार यो रोग लागेका ४ सय ४६ वटा गाई गोरुको उपचार



भैरहेको छ । ९ वटा वडा रहेको नगरपालिकाको सबै वडामा लम्पी स्किन रोग फैलिएको छ ।

लम्पी स्किन रोग लागेर वडा नं १ मा २४,वडा नं २ मा २५,वडा नं ३ मा २३,वडा नं ४ मा ३५,वडा नं ५ मा २१,वडा नं ६ मा ३,वडा नं ७ मा ७,वडा नं ८ मा ९ र वडा नं ९ मा २ वटा गाई गोरु मरेको पशुपंक्षि विकास शाखाका प्रमुख शेर्पाले बताउनुभयो ।

# नेपाल टेलिकमको नयाँ प्याकेज सार्वजनिक

काठमाडौं । नेपाल टेलिकमले १ जीबीपीएस (१००० एमबीपीएस) सम्म उच्च गति भएको एफटीटीएच इन्टरनेट सेवा प्रारम्भ गरेको छ । यस अघि कम्पनीले १०० एमबीपीएस सम्म उच्च गति भएको एफटीटीएच सेवा उपलब्ध गराइरहेकोमा अब एकै पटक यति धेरै क्षमता भएको इन्टरनेट सेवा उपलब्ध गराएको हो ।




हाल कम्पनीले जीपोन (न्एइल) प्रविधिमा र्फत उपलब्ध गराइरहेको एनटी फाइबर इन्टरनेट मध्ये सवैभन्दा उच्च गति १०० एमबीपीएस रहेकोमा अब एक्सजीपोन (ह्न्एइल) प्रविधिमा आधारित उच्च गतिको इन्टरनेट सेवा उपलब्ध हुने भएको हो । सो सेवा ५०० एमबीपीएस र १ जीबीपीएस गरी दुई वटा प्याकेजमा उलपब्ध हुनेछ । यसको डाउनस्ट्रिम क्षमता १० जीबीपीएस र अपस्ट्रिम क्षमता २.५ जीबीपीएस हुनेछ ।

प्रिमियम एफटीटीएच ५०० एमबीपीएस अन्तर्गत नेपाल टेलिकमको नेटवर्कभित्र अनलिमिटेड कल गर्न सकिनेछ भने अन्य नेटवर्कमा प्रतिमहिना ३५० मिनेट कल गर्न सकिनेछ । यो प्याकमा ०.५ टीबी डाटा प्रतिदिन प्रयोग गर्न सकिने छ ।

प्रिमियम एफटीटीएच १ जीबीपीएस अन्तर्गत नेपाल टेलिकमको नेटवर्कभित्र अनलिमिटेड कल गर्न सकिनेछ भने अन्य नेटवर्कमा प्रति महिना ५ सय मिनेट कल गर्न सकिनेछ । यो प्याकमा १ टीबी डाटा प्रतिदिन प्रयोग गर्न सकिनेछ ।

दुवै प्याकेजमा एउटा आईपीटीभी, सीपीई र सेटटप बक्स तथा ३०० मिटर ड्रप फाइबर निःशुल्क उपलब्ध हुनेछ । ५०० एमबीपीएसको 'प्रिमियम एफटीटीएच ५०० एमबीपीएस' प्याकेज वार्षिक ८० हजार रुपैयाँ र १ जीबीपीएसको 'प्रिमियम एफटीटीएच १ जीबीपीएस' प्याकेज वार्षिक १ लाख १० हजार रुपैयाँमा उपलब्ध हुनेछ ।

यो सेवा वा अन्य एफटीटीएच सेवा प्राप्त गर्न चाहनुहुने मुलुकभरका सेवाग्राहीहरुले १९८-१ (१९८ मा डायल गरी प्राप्त सन्देश पश्चात फेरि १ डायल गरी) मा डायल गरेर आफूलाई आवश्यक पर्ने सेवा जडान तथा मर्मतका लागि दर्ता गर्न सकिने व्यवस्था छ ।

हालका लागि काठमाडौं उपत्यकामा यो सेवा उपलब्ध गराइएको छ । व्यावसायिक संस्थाहरु यो सेवा प्रयोगबाट लाभान्वित हुने नेपाल टेलिकमले अपेक्षा गरेको छ ।

# ४६ औं इफाप्का सम्मेलनलाई सफल बनाउन प्रचार प्रसार समिति सक्रिय

काठमाडौं । नेपालले नेतृत्व गरिरहेको अन्तर्राष्ट्रिय संस्था एशिया तथा पश्चिम प्रशान्त क्षेत्रका निर्माण व्यवसायीहरूको साझ । संगठन (इफाप्का) को ४६ औं सम्मेलनको तयारी औपचारिक रुपमा शुरु गरिएको छ ।

यसैक्रममा शुक्रवार नेपाल निर्माण व्यवसायी महासंघको सचिवालयमा सम्पन्न प्रचार प्रसार उपससमितिको बैठकले सम्मेलनको तयारीका लागि प्रचार प्रसार तीव्र पार्ने निर्णय गरेको उपसमिति संयोजक शिवहरि घिमिरेले जानकारी गराएका छन् ।

बैठकले राष्ट्रिय दैनिक, टेलिभिजन, अनलाइन सहित सामाजिक सञ्जालहरू मार्फत सम्मेलनको प्रचार प्रसार गर्ने, पर्यटन बोर्डसँग सहकार्य गर्ने, उपयुक्त स्थानहरूमा डिजिटल डिस्प्ले बोर्ड राख्ने, सम्मेलनका लागि विशेष दूत (ब्रयाण्ड एम्बेसडर) तोक्ने राख्ने लगायतका निर्णयहरू गरेको पनि संयोजक घिमिरेले जानकारी दिए।

घिमिरे नेपाल निर्माण व्यवसायी महासंघका नीतिगत उपमहासचिव तथा प्रवक्ता समेत हुन । इफाप्काको ४६ औं सम्मेलन आगामी मंसिर ५ देखि ९ सम्म काठमाडौंमा आयोजना हुँदैछ ।

हाल नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले इफाप्का अध्यक्षको भूमिकामा रहेका छन् । इफाप्कामा भारत, बंगलादेश, मंगोलिया, फिलपिन्स, मलेसिया, सिंगापुर लगायतका १८ देश आबद्ध छन् ।



## नबिल बैंकले ल्यायो 'नबिल ढुक्क घर कर्जा'

काठमाडौं । नबिल बैंकले 'नबिल ढुक्क घर कर्जा, नबिल भए ढुक्क' योजना कार्यक्रम ल्याएको छ । यो योजनाअन्तर्गत बैंकले २० वर्ष सम्मका लागि सरल र सुलभ ब्याजदरमा आवास कर्जा उपलब्ध गराउने जनाएको छ ।




यस योजनामा नबिलले दुई स्थिर ब्याजदरमा सुलभ कर्जा ल्याएको छ । जसमा ७ वर्षको लागि प्रति वर्ष १०.९९ प्रतिशत र १० वर्षको लागि प्रति वर्ष ११.९९ प्रतिशत स्थिर ब्याजदर राखिएको छ ।

नबिल बैंकका पर्सनल लेन्डिङ युनिट प्रमुख चाँदनी श्रेष्ठले भनिन्, 'जब घर कर्जाको कुरा आउँछ, घरधनीहरू हरेक महिना तिर्नु पर्ने प्रिमियम दरमा हुने परिवर्तनले आत्तिने गर्छन् । यस कुरालाई ध्यानमा राखेर हामीले 'नबिल ढुक्क घर कर्जा' ल्याएका छौं ।' यस योजना अन्तर्गत घरधनीले आफ्नो कर्जा अवधिभर तोकिएको सुलभ ब्याजदरमा आश्वस्त हुन सक्ने उनले थपिन् ।

नबिलको यो योजनाले ग्राहकलाई घर बनाउने सपना पूरा गर्न सहज हुनेछ । बैंकका अनुसार नबिल ढुक्क घर कर्जाले पहिलो पटक घर खरिद गर्नेलाई ७० प्रतिशतसम्म वित्तीय सुविधा उपलब्ध गराउनेछ भने अन्यले झन्झटर हितकर्जा प्रक्रियामा ६० प्रतिशतसम्म वित्तीय सुविधाको फाइदा लिन सक्नेछन् ।

यो योजनाले दुई लाख रुपैयाँ सम्मको क्रेडिट कार्ड सेवा नि:शुल्क जारी गर्नेछ । यस घर कर्जा सुविधा लिनको लागि सेवाग्राहीले नजिकैको नबिल बैंकको शाखामा सम्पर्क गर्न सक्नेछन् ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले २० लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६५ शाखा र २ सय ९८ एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेलेको छ ।

## विन बहुउद्देशीय सहकारीको १४ औं व्यापार मेला सम्पन्न

काठमाडौं । विन बहुउद्देशीय सहकारी संस्थाले आयोजना गरेको ट्रेड फेयर, हस्तकला तथा खाद्य वस्तुको प्रदर्शनी र उद्यमशीलता तालिम अन्तर्गत उत्पादन भएका खाद्य सामग्रीको लोकार्पण कार्यक्रम सम्पन्न भएको छ ।

साउन २६ गतेदेखि २८ गतेसम्म आयोजना गरेको १४ औं संस्करणको ट्रेड फेयर अर्थात व्यापार मेला २०८०, ७ औं हस्तकल तथा खाद्य वस्तुहरूको प्रतियोगिता र महिला उद्यमशीलता विकास तालिम अन्तर्गत उत्पादित खाद्य उत्पादनहरुको लोकार्पण कार्यक्रम सम्पन्न भएको हो । व्यापार मेलाको उद्घाटन ललितपुर महानगरपालिकाकी उपमेयर मञ्जली शाक्य बज्राचार्य गरेकी थिइन् । मेलाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेकी उपमेयर शाक्यले महिला उद्यमीहरूलाई सहयोग गर्न ललितपुर महानगरपालिका सधैं तयार रहेको र महिला उद्यमीहरू तथा विन बहुउद्देश्यीय सहकारी संस्थासंग सहकार्य गर्दै जाने प्रतिवद्धता पनि व्यक्त गरिन ।

यस्तै विन बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष मल्लिका श्रेष्ठ स्वागत मन्तव्य दिएकी थिइन् भने मेलाको बारेमा संयोजक तथा कोषाध्यक्ष शान्ति बैद्यज्यूले प्रकाश पारेकी थिइन ।

त्यसैगरी महिला उद्यमशीलता विकास तालिमका बारेमा संस्थाका परियोजना प्रबन्धक राजु शाक्यले जानकारी दिएका थिए । ३ दिनसम्म सञ्चालन भएको मेलामा उल्लेखनीय सहभागीता रहेको थियो । प्रतियोगितामा रहेका सामग्रीहरुमा भोट हाल्ने व्यवस्था पनि गरिएको थियो ।

मेलाको अन्तिम दिन मेलाका ५४ वटा हस्तकला तथा खाद्य उत्पादन स्थलका सहभागी तथा १० जना प्रायोजकहरूलाई सम्मान स्वरूप प्रशंसा-पत्र प्रदान गरिएको थियो । बेष्ट स्टलको उपाधी सिराह ग्रुपले पाएको थियो। हस्तकला तर्फको नयाँ वस्तुहरूको प्रतियोगितामा प्रथम पुरस्कार कल्पना श्रेष्ठलाई प्रदान गरिएको थियो । उनले पंञ्च धातुको मौलिक तथा परम्परागत गरगहना बनाएकी थिइन । त्यसैगरी प्लोरिकल्चरका लागि दोस्रो पुरस्कार वसन्ती प्रधानज्यूलाई र काष्ठकलाको घढियाल चालका लागि तेस्रो पुरस्कार अमिता प्रधान शिल्पकारलाई दिइएको थियो ।




## एन आई सी एशिया बैंकद्वारा तीन कर्जा योजना सार्वजनिक

काठमाडौं । बजारको माग अनुसार बदलिंदो समय एवं नवीनतम आकर्षक योजनाहरुलाई समेट्दै आएको एन आई सी एशिया बैंक लिमिटेडले आफ्ना लाखौं ग्राहक महानुभावहरू समक्ष अठोट घर कर्जा, अठोट साना व्यवसाय कर्जा र अठोट शेयर धितोकर्जा गरी तीन कर्जा योजना सार्वजनिक गरेको छ ।

ग्राहक महानुभावहरुको आवश्यकतालाई हरसम्भव पूरा गर्ने सोचका साथ बैंकले न्यूनतम रू. २५ लाखदेखि अधिकतम रू. १२ करोडसम्मको अठोट घर कर्जा योजना ल्याएको छ । २५ वर्षसम्मको कर्जा अवधि रहेको यस अठोट घर कर्जा ग्राहक महानुभावहरुले आकर्षक तथा न्यूनतम ब्याजदरमा उपभोग गर्न सक्नुहुनेछ ।

यस योजना अन्तर्गत ग्राहक महानुभावहरुले निजी आवासीय घर खरिद गर्न, निजी आवासीय अपार्टमेन्ट खरिद गर्न, निजी आवासीय घर निर्माण गर्न, निजी आवासीय घर मर्मत तथा तला थप्न र निजी आवासीय घर निर्माण गर्न जग्गा खरिद गर्न यो कर्जा सुविधा उपयोग गर्न सक्नुहुनेछ । साथै, अन्य बैंक तथा वित्तीय संस्थामा रहेको व्यक्तिगत आवासीय घरकर्जा यस बैंकको अठोट घर कर्जामा स्वाप: गर्न सकिने व्यवस्था समेत बैंकले गरेको छ ।

बैंकले ग्राहक महानुभावहरुको व्यवसाय सञ्चालन तथा विस्तार गर्नका लागि ल्याएको अठोट साना व्यवसाय कर्जामा न्यूनतम रू. २५ लाखदेखि अधिकतम रू. ५ करोडसम्म कर्जा उपलब्ध हुनेछ । अधिकतम १५ वर्ष कर्जा अवधि कायम गरिएको यस कर्जामा आकर्षक तथा न्यूनतम ब्याजदर कायम गरिएको छ ।

साना तथा मझौला व्यवसाय तथा कृषि व्यवसायहरुलाई लक्षित गरी ल्याएको यस कर्जा अन्तर्गत लगानीकर्ताहरुले सञ्चालित वा नयाँ व्यवसायहरुको अल्पकालीन वा दीर्घकालीन




लगानी आवश्यकताका लागि यो कर्जा उपभोग गर्न सक्नुहुनेछ ।

त्यसैगरी बैंकले ल्याएको न्यूनतम रू. ५० लाखदेखि अधिकतम रू. १२ करोडसम्मको अठोट शेयर धितो कर्जाको हकमा समेत आकर्षक तथा न्यूनतम ब्याजदर लाग्नेछ भने यस कर्जामा १ वर्षको भुक्तानी अवधि (वार्षिक रुपमा नवीकरण गर्न सकिने) रहेको छ ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ५६७ एटिएम, ११० वटा विस्तारित काउन्टर एवं ६१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ ।

देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. २३ अर्ब ५८ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ६६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाब, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# अर्थ संसार

## नेशनल लाईफ इन्स्योरेन्सको एनुअल लिडर्स कन्क्लेभ सम्पन्न

काठमाडौं । शिफ्टिङद पाराडाइम २०८०/८१ नाराका साथ नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले ४ दिने बार्षिक सम्मेलन "एनुअल बिजनेश लिडर्स कन्क्लेभ, पोखरा स्थित होटल बाराहीमा सम्पन्न गरेको छ ।

आ.व. २०७९/८० माउत्कृष्ट व्यवसाय गर्ने शाखाहरुलाई सम्मान तथा पुरस्कृत गर्दै कम्पनीको व्यवसाय संग सम्वन्धित वर्तमान पाटो बारे विवेचना गरी आगामी बर्षको लागि स्पष्ट खाकाको उदेश्यले कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको सभापतित्वमा सम्मेलन आयोजना गरिएको थियो ।




२०८० श्रावण १८ गते देखी २१ गते सम्म सम्पन्न गरिएको उक्त सम्मेलनमा विभागिय प्रमुख तथा देशै भरीबाट प्रदेश प्रमुख, शाखा प्रमुख र मार्केटिङ कर्मचारीहरु गरी १५० जनाभन्दा बढिको सहभागिता रहेको थियो । सम्मेलनको समुद्घाटन गर्दै प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले जीवन बीमा व्यवसाय दिन-प्रतिदिन प्रतिष्पर्धात्मक र जटिल हुँदै गैरहेको परिप्रेक्षमा आफ्नो कार्यदक्षता र मेहनतका साथ व्यवसाय वृद्धि गर्नुपर्ने दायित्व कम्पनीमा थिआएको बताउनु भयो ।

यस सम्वन्धमा आपसी समन्वय गरी तोकिएको व्यवसायिक लक्ष्य पुरा गर्दै कम्पनीलाई बीमा बजारमा अग्र स्थानमा पुऱ्याउन आवश्यक रणनीति र कार्यक्रम तय गर्ने बारे सो सम्मेलनमा विचार विमर्श भएको थियो ।

सम्मेलनमा सहभागि कर्मचारीहरुलाई नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणका उपनिर्देशक हृदयेश्वर पंडितले सम्पत्ति शुद्धिकरण तथा आंकवा दीक्रियाकलापमा वित्तिय लगानी निवारण सम्वन्धमा प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

यसैगरी, नेपालका चर्चित मनोक्रान्तीका संस्थापक डा. योगी विकास नन्दजले सहभागि कर्मचारीहरुलाई तनाव मुक्त भई कार्य गरेमा आफ्नो कार्य दक्षतामा वृद्धि हुने भएकोले आफ्नो मन मस्तिष्कलाई सन्तुलन राखी सो बाट प्राप्त हुने सकरात्मक उर्जाले तनाव व्यवस्थापन गर्न सकिने विषयमा प्रशिक्षण प्रदान गर्नु भएको थियो ।

## मुक्तिनाथ विकास बैंकद्वारा बैंकका ग्राहकहरुलाई विशेष छुट

काठमाडौं । मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेविट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुलाई थप सेवा दिन नवलपरासीको भुमहीमा रहेको "रामनगर समुदायिक हस्पिटल प्रा. लि." (Ramnagar Samudayik Hospital Pvt. Ltd.) सँग छुट प्रदान गर्ने गरी व्यवसायिक सम्झौता गरेको छ ।




यस व्यवसायिक सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेविट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुले रामनगर समुदायिक हस्पिटलको विभिन्न सेवाहरुमा विशेष २० % सम्म छुट प्राप्त गर्न सक्नेछन् ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको ATM Card प्रयोग गरी नेपालभरी रहेको ख्क्ब ल्भतधयचप मा आवद्ध अन्य जुन सुकै बैंकको ब्ट :बअजष्लभ बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ ।

त्यसै गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खातामै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०१११००२२, कर्जा सेवाको लागि: ९८०१११००२३) आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

# प्रोग्रेसिभ एजुकेशनल फोरमद्वारा बरिष्ठ गायक दीप श्रेष्ठ सम्मानित

*जयराम बिडारी*

काठमाण्डौ। प्रोगेसिभ एजुकेसनल फोरम चावहिलको आयोजनामा स्थापनाको सोह्रौं वार्षिकोत्सवका अवसरमा फोरममा आवद्धता जनाएका दश संस्थागत विद्यालयहरुको संयुक्त कार्यक्रम गरि शुक्रवार राष्ट्रिय नाचघर जमलमा भव्य रुपमा मनाएको छ।

कार्यक्रममा बरिष्ठ गायक दीप श्रेष्ठलाई १५ हजार नगद राशि सहित दोसल्ला ओढाएर अभिनन्दन पत्र सहित सम्मानित गरिएको छ। साथै उक्त अवसरमा फोरमभित्रका विद्यालयमा लामो समयदेखि अध्यापन गरेका शिक्षक, शिक्षिका तथा कार्यरत कर्मचारीहरूलाई दीर्घसेवा पदकले सम्मान गरिनुका साथै विद्यालयबाट एसईई परिक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीहरुलाई समेत सम्मान गरिएको छ।

प्रोगेसिभ एजुकेसनल फोरमका अध्यक्ष कवि, साहित्यकार, महाकाव्य कार एवं ज्ञानद्वीप शिक्षा सदनकी प्राचार्य सीता भट्टराईको सभापतित्व तथा बलिष्ठ गायक दीप श्रेष्ठको प्रमुख आतिथ्यता तथा काठमाण्डौ महानगर पालिका शिक्षा बिभागका श्रोत व्यक्ति यमनाथ चौलागाईं को बिशेष आतिथ्यताका साथै गायन तथा नृत्य प्रतियोगिता अन्तर्गतका मुल्याङ्कनकर्ताका रुपमा रेखा कटुवाल श्रेष्ठ,सुशिला थापा,विपिन घिमिरे तथा शिला बिष्ट तथा सांस्कृतिक संस्थानकी अधिकृत पवित्रा पङ्गेनीका साथै काठमाण्डौ मेट्रो प्याब्सनका अध्यक्ष ज्ञानबहादुर श्रेष्ठ फोरमसंग आवद्धता जनाएका बिद्यालयका सञ्चालक समितिका अध्यक्षहरु लगायत शृंखला मासिकका सम्पादक प्रवीण जोशीको आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न गरिएको छ।




प्रमुख अतिथि द्वारा पानसमा द्वीप प्रज्वलन गरि कार्यक्रमको उद्घाटन गरिएको थियो भने प्रोगेसिभ एजुकेसनल फोरमका उपाध्यक्ष मेहरबान सोनारद्वारा स्वागत मन्तव्य व्यक्त गरिएको थियो। कार्यक्रममा महान सिद्धार्थ हाईस्कूलका बिद्यार्थीहरुले राष्ट्रीय गानका साथै स्वागत गीत प्रस्तुत गर्नुका साथै अनमोल ज्योति सेकेण्डरी स्कूलका बिद्यार्थी हरुद्वारा स्वागत नृत्य प्रस्तुत गरिएको थियो।

फोरमसंग आवद्धता जनाएका दश बिद्यालयका बिद्यार्थीहरु द्वारा बिभिन्न जातजाती भेषभूषा र संस्कृति झल्कने नृत्यहरुको प्रतिस्पर्धाको आयोजना गरिएको उक्त कार्यक्रममा नृत्यतर्फ अनमोलज्योति प्रथम, मोक्षदा स्कूल द्वितीय, महान सिद्धार्थ तृतीय, र क्रमश: सेन्टलरेन्स तथा न्युमोनिक बिद्यालयले प्रोत्साहन पुरस्कार प्राप्त गरेका छन्।

यसैगरि गायन तर्फ न्युमोनिक एकेडमी प्रथम, मिसन पब्लिक द्वितीय न्यूसनसाइन तृतीय तथा सेन्ट लरेन्सले सानत्वना पुरस्कार प्राप्त गरेका छन्। उक्त समयमा प्रोग्रेसिभ एजुकेसनल फोरम अन्तर्गतको न्युमोनिक बिद्यालयकी पुर्व बिद्यार्थी तथा नेपाल आईडल सिडन थ्रि का बिजेता सज्जा चौलागाईंले समेत आफ्नो प्रस्तुति दिएर कार्यक्रमलाई रोचकता प्रदान गरेकी थिइन्।

उक्त अवशरमा काठमाण्डौ प्याब्सनका अध्यक्ष प्रेम राइद्वारा मन्तव्यका क्रममा रोजगारीका सन्दर्भमा निजी बिद्यालयहरुको तर्फबाट सायद सवैभन्दा बढी रोजगारीको प्रत्याभूति दिएको क्षेत्रको मुना निमोठ्ने काम हुन नहुने कुरामाा जोड दिंदै देशको समग्र शिक्षा क्षेत्रको करिव ३० प्रतिशत योगदान दिने निजी बिद्यालयलाई उपेक्षा गरिनु नहुने बताउदै कविता बाचन गरेका थिए। पुरूषोत्तम महर्जनबाट फोरमद्वारा आयोजित कार्यक्रममा बरिष्ठ गायक दीप श्रेष्ठलाई सम्मान गर्न पाउँदा अत्यंत खुशी लागेको बताउँदै बिजयी बिद्यार्थी हरुलाई शुभकामना व्यक्त गरेका छन्। भने शिक्षा तथा समन्वय एकाईका परीक्षा प्रमुख फणिन्द्र घिमिरेद्वारा पनि शुभकामना मन्तव्य दिईएको थियो।

अन्त्यमा सभापति सीता भट्टराईद्वारा प्रोगेसिभ एजुकेसनल फोरमले आफ्नो स्थापनाको सेह्रौं बार्षिकोत्सवलाई सभ्य र भव्य रुपमा सम्पन्न अहोरात्र खटेर सहयोग गर्ने ब्यवस्थापन समिति लगायात बिजेता बिद्यार्थी भााई बहिनीहरुको प्रशंसा गर्दै स्रष्टा सम्मानको पहिलो प्रयास स्वरूप बरिष्ठ गायक दीप श्रेष्ठलाई सम्मान गर्न पाउँदा खुशी ब्यक्त गरिएको थियो।

करिव सात घण्टा निरंतर रुपमा संचालित सभ्य एवं भव्य उक्त कार्यक्रमको सहजकर्ताको भूमिकामा सचिवस् लम्वोदर घिमिरे तथा भीमबहादुर शाहीद्वारा संयुक्त रुपमा संचालन गरिएको थियो।

## सुन तस्करी...

पष्ठ १ बाट जारी

आउदा दिनमा यस्ता सुन तस्करीका घटना नहुने बताएको थियो।

तर त्योभन्दा बढी सुन फेला तस्करी गरेर ल्याइएको सुन बरामद भएको छ। लगातार दुईदिनको फरकमा झण्डै दुई कुइटल सुन बरामद भएको छ। यस घटनाले के देखाउछ भने। नेपालमा सुन तस्करी गर्न नेपाल सरकार मातहतका निकायहरुले नीतिगत रुपमा सुधार नगरेसम्म यस्ता समस्या आईरहने देखिन्छ।

बजारमा दैनिक १५ किलोको दरले सुनको माग छ भनेर व्यवसायी भनिरहेका छन्। यता राष्ट्र बैकले १० किलो मात्र दिन्छ दैनिक नै ५ किलो सुन अभाव देखिन्छ।

सुनको अभाव किन गराईन्छ। व्यासायीले भनेको जति नै सुन किन राष्ट्र बैकले दिदैन ? यसका पछाडीतिर रहेका नेपालका ठुला भनिएका उच्च पदस्थ तथा अन्तराष्ट्रिय माफियाहरुको समेत संलग्न रहेको गिरोह नेपालको बजारलाई नियन्त्रण गर्नेगरी काम गरिरहेको नाम नबताउने सर्तमा सुन व्यवसायी बताउछन्।

स्रोतका अनुसार यस्तो छ।"सुन ग्रहकले पसलमा अडर गर्न आउछन्। ग्रहकले सुनको आजको भाउ दरमा बैना गर्छन्। तर सुन पसल खोलेको पसलेले किन्ने दिन बढी घटी भईसकेको हुन्छ। त्यहि माथि सुन अभाव भएर कालो बजारीमा सुन किन्नुपर्छ। त्यो कालो बजारीमा किन्नुपर्ने सुन यस्तै तस्करी गरेर ल्याएका सुनहरु हुन्। त्यसमा नेपालमा नाम चलेका ठुलो स्केलमा व्यापार गरिरहेका व्यापारीहरुको विल प्रयोग भएको हुन्छ। तिनै सुन किन्नको लागि अपुग पैशा मिटर ब्याजमा लगाउने गिरोह सक्रिय भईराखेको हुन्छ। त्यस्ता गिरोह सञ्चालन गर्ने समूह डन नामका समूहवाट सञ्चालित हुन्छन्"त्यस खालका डनहरु राजनीतिक,बयापारिक उच्च घरनाका संरक्षणमा सञ्चालित हुन्छन्। घटनाहरुले त्यस्तै पुष्टि गर्दै आएका छन्।

समग्रमा माथिका यि आधारहरु पढ्दा सुन तस्कर समातिनु र हल्ला खल्ला गर्नु मात्रले सुन तस्करी रोकिदैन। सुन तस्करी रोक्न नीतिगत रुपमा समस्या काहा आएकाछन्। त्यहा पनि सावधान खोजेर सदाको लागि तस्करी रोक्ने र राजश्व तिरेर सजिलै सुन ल्याउन सक्ने व्यावसायीले सजिलै व्यवसाय गर्न पाउने सुनिश्चिता गराउन सक्यो भने यस्ता तस्करी गरेर ल्याएका सुन व्ययवासीले नकिनेपछि तस्करी काहावाट हुन्छ। सरकारले यस्ता नीतिगत सुधारमा ध्यान दिने हो की ?

## निर्माण व्यवसायी

पष्ठ १ बाट जारी

नयाँ बानेश्वरको कोण सभापछिको जुलुश माइतीघर मण्डलामा पुगेर पुन सभामा बदलिएको थियो। सभालाई सम्बोधन गर्दै संघीय सांसद तथा माओवादी केन्द्रका नेता सूर्यमान दोङ (लालध्वज) ले निर्माण व्यवसायीहरूको समस्या समाधानका लागि आफ्नो ठाउँबाट सक्दो पहल गर्ने प्रतिबद्धता जनाउन पुगेका थिए।

नेपाल ईटा उद्योग महासंघका अध्यक्ष शंकरबहादुर चन्दले निर्माण उद्योगमा असर पर्दा सबै निर्माण सामग्री उत्पादक कम्पनीमा असर परेको बताउँदै महासंघको आन्दोलनमा ऐक्यवद्धता जनाउन आफु पनि आएको बताएका थिए।

महासंघका अध्यक्ष रवि सिंहले दोस्रो चरणको आन्दोलन सकिँदा समेत व्यवसायीहरूको माग पूरा गर्न राज्य उदासीन भएकाले आइतबारबाट तेस्रो चरणमा निर्णायक आन्दोलन गर्ने चेतावनी दिएका छन्।

तेस्रो चरणको आन्दोलन अर्न्तगत महासंघले आइतवार सडक विभाग र सिचाई विभागमा ताला लगाई धर्ना दिने भएको छ। व्यवसायीहरूको अरबौं रकम भुक्तान हुनुपर्ने, सबै आयोजनाहरूको एकमुष्ट म्याद थप हुनुपर्ने, मूल्य समायोजन हुनुपर्ने, निर्माण व्यवसायी मैत्री ऐन नियम लागू हुनुपर्ने, निर्माण व्यवसायीहरूको माग सम्बोधनका लागि उच्चस्तरीय वार्ता टोली गठन हुनुपर्ने लगायतका माग राखी व्यवसायीहरू साउन १४ देखि निरन्तर आन्दोलन गरिरहेकाछन्।

## ललितपुर जिल्ला क्रिकेट संघको अध्यक्षमा शेखर श्रेष्ठ चयन

काठमाडौं। ललितपुर जिल्ला क्रिकेट संघको अध्यक्षमा शेखर श्रेष्ठ चयन भएका छन। चौथौ वार्षिक साधारण सभाले श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय समिति चयन गरेको हो।

उपाध्यक्षमा विनयकुमार श्रेष्ठ, कोषाध्यक्षमा गोविन्द मल्ल ठकुरी, सचिवमा सुजन महर्जन चयन भएका छन। समिति तको सदस्यहरुमा किरण श्रेष्ठ, सुजिता श्रेष्ठ मानन्धर, एलिना शाक्य, राजेन्द्र खड्का, सुधिर महर्जन, सुन्दर महर्जन, सरोज चित्रकार छानिएका छन।

त्यस्तै सदस्यमै प्राश्ना शाक्य, नरेश राना र नारायण मल्ल ठकुरी चयन भएका छन।

# खेलकुद

## नेदरल्याण्ड्सलाई २–१ गोलले हराउँदै स्पेन सेमिफाइनलमा

सेमिफाइनलमा पुगेको छ। प्रतिस्पर्धात्मक क्वार्टरफाइनल खेलमा शुक्रबार बलियो नेदरल्यान्ड्सलाई २–१ गोलले हराउँदै स्पेन सेमिफाइनलमा पुगेको हो।



निर्धारित समय १–१ गोलको बराबरीमा सकिएपछि खेल अतिरिक्त समयतर्फ धकेलिएको थियो। अतिरिक्त समयमा स्पेनले निर्णायक गोल गरेको थियो। निर्धारित समयको ८१औं मिनेटमा स्पेनका लागि मारियोना कलडेन्टीले पेनाल्टीमार्फत पहिलो गोल गरेकी थिइन्।

दोस्रो हाफको इन्जुरी समयमा नेदरल्यान्ड्सकी स्टेफनी भान डेर ग्राटले जवाफी गोल गर्दै खेललाई बराबरीमा ल्याएकी थिइन्। त्यसपछि खेल अतिरिक्त समयमा गएको थियो। अतिरिक्त समयमा स्पेनका लागि सलमा सेलेस्टी आइनगोनोले निर्णायक गोल गरेकी थिइन्।

स्पेन नवौं महिला विश्वकपको सेमिफाइनलमा पुग्ने पहिलो राष्ट्र हो। अर्को क्वार्टरफाइनल खेल शुक्रबार नै एसियाली राष्ट्र जापान र स्विडेनबीच हुनेछ। शनिबार अस्ट्रेलिया र फ्रान्स तथा इङ्गल्यान्ड र कोलम्बियाबीच क्वार्टरफाइनल खेल हुनेछ।

## भारतलाई हराउँदै वेस्ट इन्डिजले जित्यो सिरिज

काठमाडौं। भारतविरूद्धको पाँच खेलको टी-२० सिरिज घरेलु टिम वेस्ट इन्डिजले जितेको छ। आइतबार राति भएको पाँचौ तथा निर्णायक खेलमा वेस्ट इन्डिजले भारतलाई ८ विकेटले पराजित गर्दै सिरिज ३-२ ले जितेको हो।

टस जितेर पहिले ब्याटिङ गरेको भारतले ९ विकेटको क्षतिमा १६५ रन




जोड्यो भारतका लागि सूर्यकुमार यादवले ६१ रन जोड्दा तिलक बर्माले २७ रन बनाए। अन्य ब्याट्सम्यानले उल्लेख रन बटुल्न सकेनन्। बलिङमा वेस्ट इन्डिजका रोमारियो शेफर्डले ४ विकेट लिए भने अकिल हुसेन र जासन होल्डरले २-२ विकेट हात पारे।

१६६ रनको लक्ष्य वेस्ट इन्डिजले १८ ओभरमा २ विकेटको क्षतिमा पूरा गरे। वेस्ट इन्डिजका ओपनर ब्रान्डन किङले नटआउट ८५ रन जोड्दा निकोलासन पूरनले ४७ रन बनाए। चार विकेट लिएका शेफर्ड प्लेयर अफ दि म्याच हुँदा निकोलास पूरन प्लेयर अफ दि सिरिज घोषित भए।

हार्दिक शुभकामना

जन आकाश साप्ताहिकले १५ बर्ष पुरा गरी १६ बर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक शुभकामनाका साथै आउने दिनहरुमा अझै रचनात्मक कार्य गरी राष्ट्र र समाजलाई यो गदान पुऱ्याओस भन्ने उत्तर उत्तर प्रगतिको कामना गर्दछौ।

कपन बानेश्वर (साप्ताहिक परिवार)


चट्याङको समयमा सतर्क रहौं ।

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# २०८० सुसेलि तिज गीतको लागि जनआकाश मिडियाले आयोजना गरेको असार २० गते देखि साउन ५ गतेसम्म प्रतिस्प्रर्धामा सहभागी गीतकारहरुका रचना



**चन्द्रावती अधिकारी**
**तकोहलपुर ।**

तिज आको छ
साथीसँग गाउन
मन लाको छ ।१।

सबै भेटौँला
दुःखसुख गुनासो
त्यहीँ मेटौँला ।२।

दर खाने हो
तिजभन्दा अघिल्लो
दिन जाने हो ।३।

सादा लाऊँला
पोहारकै सारीमा
नाच्न जाऊँला ।४।

ऋण नलाऊँ
देखाउन गहना
भो भो नजाऊँ ।५।

पैँचो लाएर
होटलमा ननाचौँ
दर खाएर ।६।

माया साटौँला
बाको घर तिजमा
ढल्की नाचौँला ।७।

दियो बाल्ने हो
हटाउन विकृति
पाउ चाल्ने हो ।८।

शुभकामना
छरौँ एकआपस
मिठो भावना ।९।

हाम्रो संस्कृति
जोगाऊँ है मिलेर
फाल्दै विकृति ।१०।



**भवानी घिमिरे**
**सर्लाही ।**

गीत लरी लै
तिजको लहर त
आयो बरी लै ।१।

वर्षा सकियो
ढोका खोल्दा चाडले
खर्च चर्कियो ।२।

भाँची कम्मर
छमछम नाच्छु म
एक नम्बर ।३।

जुटौँ साथी हो
तिज मानौँ खुलेर
भाँती भाँती यो ।४।

सज्जा सारीमा
को भन्दा को कम
हेर नारीमा ।५।

भव्य मनाऔं
नतोडी संस्कार
यो सभ्य बनाऔँ ।६।

खाल्डो पार्दिनँ
धुन्छु सारी पुरानै
ऋण गर्दिनँ ।७।

पङ्ख चरीमा
रीतिथिति जोगाऔँ
बढ्छ गरिमा ।८।

खाने दर हो
एक दिन माइती
जाने घर हो ।९।

फूल बाबरी
दिल दिन्छु भगवान्
बन्छु शबरी ।१०।



**डा. सीता सुवेदी**
**पन्थी**
**बालकोट ।**

जान्छु माइत
भेट्नलाई बाआमा
गर्छु साइत ।१।

भेटघाटले
उत्प्रेरणा जगाओस्
चाडबाडले ।२।

संस्कृति राम्रो
परम्परा बचाऊँ
कर्तव्य हाम्रो ।३।

दुःख बिसाऊँ
दिदीबैनी मिलेर
स्रष्टा हँसाऊँ ।४।

सारी लाएर
हिँड्छौं गीत गाएर
दङ्ग भएर ।५।

बच्ने संस्कृति
महत्त्व यो बुझेमा
हुन्न विकृति ।६।

सधैं छ काम
बिर्साउँछ तिजले
दुःख तमाम ।७।

नारी उठौँ न
हटाउन अन्याय
सबै जुटौँ न ।८।

पुग्छौँ लक्ष्यमा
सजाउन राष्ट्र यो
नारी सक्षम ।९।

हाम्रो भावना
सबैलाई तिजको
शुभकामना ।१०।



**सुधा बास्कोटा ढकाल**
**बल्खु ।**

आयो है तिज
बोलाउँदै छु साथी हो
आओ नजिक !१।

दर खाएर
रमाइलो गर्ने हो
गीत गाएर !२।

हर्ष अपार
नाच गाउ सगींनी
सारी लतार !३।

शिव शङ्कर
दुःख कष्ट हटाऊ
हाम्रो को छ र ?४।

हर्ष मानेर
चाड पर्व मनाऔँ
गर्व ठानेर !५।

भेटघाटले
नयाँ ऊर्जा दिनेछ
चाडपर्वले !६।

मार्ग देखाऊ
आफ्नो धर्म संस्कृति
आफैँ जोगाऊ !७।

सबै मिलेर
साग सिस्नु भए नि
खाऔँ हाँसेर !८।

सिङ्गारिएर
पूजा पाठ गरेर
नाच्न तयार !९।

गरेँ अर्चना
दुई हात जोडेर
प्रभु वन्दना !१०।



**ललिता दोषी**
**बुद्धनगर ।**

सुसेली गाऊँ
रमाइलो तिजमा
हाँस्दै रमाऊँ ।१।

शिवको पूजा
नहुँदा त स्वामीज्यू
मन भो धुजा ।२।

गीत गाएर
भाँच्ने हो कम्मर
लौ सँगी पाएर ।३।

तिज हो ठूलो
विकृति नफैलाऊँ
पर्ने छ दुलो ।४।

माइतीबाट
बिर्सिए त तिजमा
पर्छ आघात ।५।

संस्कार साँचौं
तिजको उल्लासमा
खुलेर हाँसौं ।६।

टुहुरी चेली
तिज पनि खल्लो भो
बसे छु झेली ।७।

आऊ है चेली
तिम्रो बाटो कुरेर
बस्ने छु हेरी ।८।

पूजाको थाली
नगर्नुहोस् सासूज्यू
तिजमा गाली ।९।

महान् यो पर्व
तिजको रमझम
लाग्छ है गर्व ।१०।



**कल्पना अधिकारी**
**भट्टराई**
**गोंगबु ।**

भन्छौं तिज हो
कहानी छ रसिलो
शिवा शिवको ।१।

ध्यान धरेकी
शिव रोजी उमाले
व्रत गरेकी ।२।

फूल फुलेझैँ
निराहार अपर्णा
भइन् खुलेझैँ ।३।

खुसी भएर
वरदान दिएका
शिव आएर ।४।

यही रीत हो
सनातन संस्कार
तिज नारीको ।५।

गरौँ मनन
प्रदर्शन नगरौँ
लुगा गहना ।६।

तिज हर्दम
ऊर्जाशील बनेर
चालोस् कदम ।७।

हरितालिका
अर्थपूर्ण गीत हुन्
यस पालिका ।८।

अर्थ बुझेर
व्रत गरौँ नारीले
सभ्य भएर ।९।

स्वच्छ भावना
पूरा गरून् प्रभुले
मनोकामना ।१०।



**प्रभा पोखरेल**
**अमेरिका ।**

आयो साइत
स्वामी राजा छाडेर
जान्न माइत ।१।

सासू असल
सधैँभरि घरमा
चिया पसल ।२।

रातो सारीमा
तिज लाग्यो मलाई
जान्न बारीमा ।३।

गोडा धुदिनँ
पानी खाँदा खुट्टाको
चोखो हुँदिनँ ।४।

हरितालिका
रक्षा गर सबैको
माता कालिका ।५।

तिज आएर
घाम लागे मनमा
दर खाएर ।६।

आफ्नो लहना
चाहिँदैन तिजमा
नयाँ गहना ।७।

सासूबुहारी
साना साना कुरामा
खेल्छन् जुहारी ।८।

गीत गाएर
व्रत बसौँ तिजमा
पानी खाएर ।९।

बेलपत्रले
पूजा गर्छन् शिवको
सोह्रसत्रले ।१०।



**इन्दिरा रेग्मी**
**काठमान्डु ।**

तिज आयो नि
दिदी र बहिनीको
मन छायो नि ।१।

छैन साइत
यो वर्ष पनि म त
गैन माइत ।२।

पाइन जान
आमाले पकाएको
त्यो दर खान ।३।

घरमै बस्ने
नाच गान गर्नलाई
कम्मर कस्ने ।४।

खुबै नाचौँला
तिजको रमाइलो
माया गासौँला ।५।

नजाऊ पर
नाच गाऊ रमाऊ
खाएर दर ।६।

बसेर व्रत
तिज मान्ने रहर
गर्दै छु म त ।७।

शिवपूजन
रमाउने नाचेर
गर्दै भजन ।८।

माइती मेला
छोरीचेली गाउँछन्
भएर भेला ।९।

शुभकामना
तिजको रमाइलो
पुगोस् चाहना ।१०।



**सुशीला ढकाल**
**अधिकारी**
**बानियाँटार ।**

तिज आएको
माइत जान मन
धेरै लाएको ।१।

जान्छु माइत
दिनु होला स्वामीले
छिटै साइत ।२।

आलु तामाको
धेरै याद आएको
मेरी आमाको ।३।

आमा दुःखी छन्
छोराछोरी सम्झेर
धेरै रोकी छन् ।४।

टाढा हुनु भो
मेरी आमा फोनमा
साह्रै रूनु भो ।५।

भेट्न आउँछु
यो मनको तिर्सना
मेट्न आउँछु ।६।

बेथा कहेर
आफ्नो बह पोख्नुछ
जम्मा भएर ।७।

तिजको बेला
शिवजीको मन्दिर
ठेलमठेला ।८।

तिज आउँदा
मन मेरो फुर्कियो
खुसी छाउँदा ।९।

तिजको गीत
नाची गाई रमाई
लागाऊँ प्रीत ।१०।



**गङ्गा आचार्य**
**सापकोटा**
**काठमान्डु ।**

आयो घुमेर
वर्ष दिनमा तिज
खुसी लिएर ।१।

फोन गरेर
डाके दाजुभाइले
आऊ भनेर ।२।

पक्कै जाने हो
जन्म घर गएर
दर खाने हो ।३।

याद आउँछ
बाबाआमा नहुँदा
खल्लो लाउँछ ।४।

वरपरको
कम्ती माया लाग्दैन
जन्मघरको ।५।


बालसँगिनी
सबैसँग अवश्य
भेट होला नि ।६।

डल्ली बाटुली
भेट हुँदा हाँसियो
घरै उचाली ।७।

तिज आएर
नाच्यौँ गायौँ रमायौँ
सबै मिलेर ।८।

चलन हाम्रो
बचाउनु पर्छ है
जे जे छ राम्रो ।९।

के के भनियो
भावनामा बगेर
गफ गरियो ।१०।



**सुमित्रा श्रेष्ठ**
**बौद्ध ।**

तिज कोसेली
छमछमी नाचौँला
गाई सुसेली ।१।

आफ्नै कमाई
पिर छैन खान त
खान्छु रमाई ।२।

गरी कलह
गाउँदिन गीत म
पोखी विरह ।३।

नन्दसासुले
भिज्न दिन्नन् परेली
मेरा आँसुले ।४।

कुरा काटेर
हिँड्दिन म पनि त
घरै ढाँटेर ।५।

प्यारी बुहारी
घरसल्लाह गर्छु
किन जुहारी ।६।

रिस किन हो ?
अरूको व्यवहार
आफूगुना हो ।७।

हुँदा कसुर
सम्झाउने पाकी छु
सासूससुरा ।८।

साथ स्वामीको
सिकेकी छु संस्कार
मेरी आमाको ।९।

मिलेको घर
जान्छु म त माइती
खान है दर ।१०।



**सुचिता काफ्ले**
**सुकेधारा ।**

रातो पटुकी
माइतीको यादमा
लाग्यो बाडुल्की ।१।

तिज आयो नि
चेली जान माइत
बेर भयो नि ।२।

वर पिपल
माइतीको आँगन
हुन्छ शीतल ।३।

बाबा ज्ञानी हुन्
सन्तानका निमित्त
वीर दानी हुन् ।४।

तिज पर्वमा
भेट हुँदा सबैमा
खुसी मनमा ।५।


बाटो हेरेर
आमा कठै रुँदै छिन्
आँसु झारेर ।६।

भाइ जगत
लिन आए छिटै नै
जान्थे अब त ।७।

दर खाने हो
बाबाको आँगनीमा
ढल्की नाँच्ने हो ।८।

वर्षा सकियो
चाड पर्व सुरु भो
हर्ष भरियो ।९।

तिज आउँदा
खुसी लाग्छ माइत
जान पाउँदा ।१०।



**राधिका पुरी सानु**
**ललितपुर ।**

मन पोल्दै छ
अझैकति नारीको
आँसु बोल्दै छ ।१।

तिज मनाऊँ
आफ्नो कला संस्कृति
भव्य बनाऊँ ।२।

शिव पुजेर
तिज मनाऊँ नारी
दुःखबुझेर ।३।

भदौरे भेल
जीवन भो मलाई
सधैँ बन्देज ।४।

विकृति रोकौँ
रातो सारी लगाई
संस्कृति रोजौँ ।५।

दुःख पोखौँला
दिदीबहिनी भेटेर
झल्को मेटौँला ।६।

नौ डाँडापारी
माइती भो बिरानो
जाऊँ कसरी ।७।

याद आमाको
झल्को आयो आँखामा
रातो जामाको ।८।

माया मारेर
माइती भो बिरानो
बस्छु रोएर ।९।

दर खाऊँला
माइतीमा रमाई
घर आऊँला ।१०।



**पुनम घिमिरे**
**गोकर्णेश्वर ।**

म त रमाएँ
यसपालि तिजमा
सुसेली गाएँ ।१।

माइती देश
सम्झना सधैंभरि
मनमा शेष ।२।

छुट्टी मागे है
पञ्चमीको भोलि नै
फिर्छु बरी लै ।३।

दर खाएर
सबैजना रमायौँ
नाच्दै गाएर ।४।

व्रत तिजको
ॐ नमः शिवाय नै
बीजमन्त्र हो ।५।

चिटिक्कै परेँ
रातो पोते सिन्दुर
धपक्कै बलेँ ।६।

भोले भण्डारी
पूरा गर्छन् कामना
हुन् मनकारी ।७।

मन्दिर जाने
जल र बेलपत्र
साथैमा लाने ।८।

ऋषि पञ्चमी
पुजिन्छ सप्तऋषि
र अरुन्धती ।९।

संस्कृति हाम्रो
गर्ने गरौँ मनन
छ सारै राम्रो ।१०।



**रमा आचार्य**
**चितवन ।**

सबै जनामा
असी साल तिजको
शुभकाममा ।१।

हरितालिका
शिव पूजा गर्ने हो
तिथि तृतीया ।२।

भाथ्यो जलन
गरिन् पूजा पार्वती
बस्यो चलन ।३।

नारी क्रान्तिको
एउटा पाटो हो तिज
हट्छ भ्रान्तिको ।४।

दुःख शोषण
पीडा वर्षभरिका
गीत गायन ।५।

पर्थ्यो पहिले
पार्टी प्यालेस गई
रम्छन् अहिले ।६।

प्रेमवेदना
अस्तित्व संरक्षण
मनोरञ्जन ।७।

भोलेनाथको
द्वादश ज्योतिर्लिङ्ग
दर्शनार्थको ।८।

बर्त नारीको
सुखशान्ति समृद्धि
परिवारको ।९।

तिज नाममा
नभित्रियोस् विकृति
गर्छु कामना ।१०।



**सविता केसी**
**दक्षिणकाली ।**

हुन्न भनेर
नजाऊ भने हेर
बाटो छेकेर ।१।

जान्छु नाघेर
सकेर तिज पर्व
आऊ फर्केर ।२।

माया लागेर
सकिन जान पनि
एक्लै भागेर ।३।

रुन्छ नयन
आदेश नपाई त
जान भएन ।४।

मेलमिलाप
दुई दिनको बिदा
गर्छु विलाप ।५।

मेरो नजर
छोरी र बुहारी हुन्
एकै अधर ।६।

तिज गाउँला
दाजुभाइ पकाऊ
हामी खाउँला ।७।

दुई दिनको
हाँसखेल गरौँला
एकै क्षणको ।८।

जाऊँ माइत
वर्षाको समयमा
निस्क्यो साइत ।९।

बिदा पाऊँ है
सकियो रमाइलो
घर जाऊँ है ।१०।



**गीता अर्याल**
**हाँडीगाउँ ।**

बढ्यो विकृति
खल्लो भएको छ
हाम्रो संस्कृति ।१।

हाम्रो संस्कृति
चेली हो रमाउने
हुन्न विकृति ।२।

सारी फरिया
तिजमा लगाउँदा
हुन्न भरिया ।३।

बिहे गरेको
तिजमा बोलाउने
आश गरेको ।४।

फोन आएको
तिज मनाउन
खुसी छाएको ।५।

खुसी भएको
भेटेर आमाबुबा
माया लाएको ।६।

सबै भेटियो
छुटेका साथीसँगी
खुसी देखियो ।७।

दर बनाको
नन्द भाउजुआमा
सबै रमाको ।८।

चेली आएसी
तिजको रमाइलो
गीत गाएसी ।९।

चेली बोलाको
आइनछन् भनेर
आमा टोलाको ।१०।



**गङ्गा लिगल**
**काठमान्डू ।**

आयो नजिकै
तिजको पर्व हाम्रो
अति खुसीको ।१।

झरी सावन
झर झर गर्दछ
अति पावन ।२।

तिज सावन
तिज गीत गाएर
मन प्रसन्न ।३।

मन चञ्चल
हुन्छ नै अति खुसी
गर्छन् नक्कल ।४।

पूजा कृष्णको
गरेर नारी जन
मन खुसीको ।५।

नारी रमाऊ
कृष्णजीको पूजामा
थाली समाऊ ।६।

नारी पर्व यो
अत्यन्तै उच्चस्तर
सर्व धर्म यो ।७।

खुसी हुन्छन् है
सबै नारी जगत
रम्छ मन है ।८।


भक्ति भावले
फल प्राप्तिको आश
राख्छ मनले ।९।

सबै मिलेर
खुसीयाली मनाऔँ
गीत गाएर ।१०।














जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस